www.ganyapadhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9868896289

# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा

गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८१/०८२ ( शि. शा.)

**विषय: शिक्षक आवश्यकतासम्बन्धी सूचना।**

**(प्रथम पटक प्रकाशित मिति : २०८२।०२।२६ गते सोमबार)**

यस गाउँपालिका अन्तर्गतका देहायका सामुदायिक विद्यालयहरूमा रिक्त रहेका देहायका शिक्षक पद करारमा पदपूर्ति गर्नका लागि गन्यापधुरा गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा ३१ को उपदफा (६) बमोजिम शिक्षक सेवा आयोगको करार सूची वा गन्यापधुरा गाउँपालिकाको शिक्षकको प्रतिक्षा सूचीबाट करारमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले शिक्षक सेवा आयोगको करार सूची वा गन्यापधुरा गाउँपालिकाको शिक्षकको प्रतिक्षा सूचीमा रही उमेर हद ननाघेका ईच्छुक व्यक्तिहरुले गाउँपालिकाको वेबसाइट www.ganyapadhuramun.gov.np वा कार्यालयबाटै दरखास्त फाराम प्राप्त गरी उक्त दरखास्त फाराम भरेर सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तस्वीर सिंह घटाल
शिक्षा अधिकृत

**१. करार शिक्षकको विज्ञापन नं., विद्यालय, तह, प्रकार, विषय र माग पद सङ्ख्या :**

| क्र. सं. | विज्ञापन नं. | विद्यालयको नाम | तह | प्रकार | विषय | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | १/२०८१-८२ | श्री लाटामाण्डौं आधारभूत विद्यालय, गन्यापधुरा- ४, रुमायल, डडेल्धुरा | निम्न माध्यमिक | अनुदान करार | अङ्ग्रेजी | १ (एक) |
| २ | २/२०८१-८२ | श्री सीताराम माध्यमिक विद्यालय, गन्यापधुरा- ५, रेल, डडेल्धुरा | निम्न माध्यमिक | राहत करार | गणित/विज्ञान | १ (एक) |
| ३ | ३/२०८१-८२ | श्री जनता माध्यमिक विद्यालय, गन्यापधुरा- ३, सकायल, डडेल्धुरा | माध्यमिक (साविक उमावि) | राहत करार | गणित | १ (एक) |

**२. पारिश्रमिक तथा अन्य सुविधा:** सम्बन्धित तह र श्रेणीका लागि नेपाल सरकारले निर्धारण गरे बमोजिम।

**३. दरखास्त दस्तुर :** देहायका तहका लागि देहायको दस्तुर गाउँपालिकाको कार्यालयको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गर्नुपर्नेछ।

(क) निम्न माध्यमिक तहको विज्ञापनका लागि रु. ७००।– (सात सय),

(ख) माध्यमिक तहको विज्ञापनका लागि रु. १,०००।– (एक हजार)

**४. दरखास्त दिने अन्तिम मिति :**२०८२।०३।०९ गते सोमबार कार्यालय समयभित्र (दोब्बर दस्तुरको व्यवस्था गरिएको छैन)।

Scanned with CamScanner

www.ganyapadhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9868896289

गन्यापधुरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८१/०८२ (शि. शा.)

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

**५. उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरू :**

(क) तोकिएको ढाँचाको दरखास्त फाराम

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ग) स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि

(घ) सम्बन्धित तहको लागि तोकिएको शैक्षिक योग्यताका प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपिहरु।

(ङ) समकक्षता प्रमाणपत्र (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा)

(च) शिक्षक सेवा आयोगको परीक्षाको प्रवेश पत्रको प्रमाणित प्रतिलिपि/ गन्यापधुरा गाउँपालिकाबाट लिइएको शिक्षकको प्रतिक्षा सूची परीक्षाको प्रवेश पत्रको प्रमाणित प्रतिलिपि।

(छ) शिक्षक सेवा आयोगको सुदूरपश्चिम प्रदेशको सम्बन्धित तह र विषयको करार सूचीमा नाम समावेश भएको करार सूचीको प्रमाणित प्रतिलिपि/गन्यापधुरा गाउँपालिकाबाट लिइएको शिक्षकको प्रतिक्षा सूचीमा नाम समावेश भएको प्रतिक्षा सूचीको प्रमाणित प्रतिलिपि।

**नोट: सूचनाको म्यादभित्र तोकिएको विज्ञापनमा शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवारहरुको निवेदन नपरेमा वा एक मात्रै दरखास्त परी दरखास्त दिने उम्मेदवारले सिफारिस नबुझेमा वा सिफारिस बुझेर पनि विद्यालयमा नियुक्तिका लागि नगएमा वा नियुक्ति लिएर पनि विद्यालयमा हाजिर नभएमा यस गाउँपालिकाको सम्बन्धित तह र विषयको शिक्षकको प्रतिक्षा सूचीमा रहेका उम्मेदवारहरुमध्येबाट योग्यताक्रमका आधारमा सिफारिस गरी पठाइने व्यहोरा समेत जानकारी गराइन्छ।**

**विज्ञापन सम्बन्धी प्राविधिक जानकारीका लागि मोबाइल नम्बर ९८६८८९६२८९ वा ९८४८७९७७३६ मा सम्पर्क गर्न हुन अनुरोध छ।**

तस्वीर सिंह घटाल
शिक्षा अधिकृत

CS Scanned with CamScanner